# एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड

# NLG INSURANCE COMPANY LIMITED


रजिष्टर्ड कार्यालयः पानीपोखरी ,लाजिम्पाट, पो.ब.नं.२०६०० काठमाडौं, नेपाल।

फोन :४४४२६४६ , ४००६६४८ फ्याक्सः ९७७-०१-४४१६४२७

E-mail-info@nlgi.com.np |Web: www.nlgi.com.np


## संस्थापक तथा सर्वसाधारण समूहको हकप्रद शेयर लिलाम बढाबढ गरी बिक्री गर्ने बारेको शिलबन्दी बोलपत्र आव्हानको सूचना ।

**शिलबन्दी बोलपत्र पेश गर्नुपर्ने शुरु मितिः २०८१/१०/२० गते, आइतबार**

**शिलबन्दी बोलपत्र पेश गर्नुपर्ने अन्तिम मिति : २०८१/१०/२७ गते, आइतबार**

एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेडको (१०:६.२५६) को अनुपातमा हकप्रद शेयरहरु बिक्री खुल्ला गरी आवेदन माग गरिएकोमा देहाय बमोजिमको शेयरहरुका लागि आवेदन नपरेकाले प्रचलित कानून तथा धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को निर्देशन नं.२१ समेतको प्रावधानलाई आधार मानी उक्त शेयरहरु बोलकबोल बढाबढ गरी बिक्री गर्ने कम्पनीको सञ्चालक समितिको निर्णयानुसार उक्त शेयरहरु खरिद गर्न इच्छुक व्यक्ति, कम्पनी, संघ, संस्थाहरुले मिति २०८१ माघ २७ गते आईतबार (बैंकिङ्ग समयसम्म) देहाय बमोजिमको स्थानहरुमा आइपुग्ने गरी प्रति कित्ता के कति दरमा शेयर लिन कबुल गर्ने हो तपशिलमा उल्लिखित शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ ।

| बोलपत्रद्धारा बिक्री गरिने अवितरित हकप्रद शेयरको विवरण | |
|---|---|
| संस्थापक समूहतर्फ : | सर्वसाधारण समूहतर्फ : |
| २९,९७७.३१ कित्ता | २९०,५५५.९१ कित्ता |

| सि.नं. | बोलपत्र आवेदन फाराम पाइने र बुझाउने स्थान (संकलन केन्द्र)हरु : |
|---|---|
| १. | श्री लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाण्डौ । |
| २. | श्री एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड शाखा कार्यालयहरु: **कोशी प्रदेशः** विराटनगर शाखा (मुनलपाथ विराटनगर-५), **मधेश प्रदेशः** वीरगंज शाखा (लिंकरोड, घन्टाघर, वीरगंज), **गण्डकी प्रदेशः** पोखरा शाखा (न्यूरोड, पोखरा-८), **लुम्बिनी प्रदेशः** बुटवल शाखा (ट्राफिक चोक-६, बुटवल), **कर्णाली प्रदेशः** सुर्खेत शाखा (वीरेन्द्रनगर-६, गुड्डापथ, सुर्खेत), **सुदुरपश्चिम प्रदेशः** धनगढी शाखा (रातोपुल, मेनरोड, धनगढी) । |

**तपशिल शर्तहरु :**

१. बोलपत्र आवेदन फाराम माथि उल्लेखित संकलन केन्द्रहरुबाट रु.१००।- (अक्षरेपी एक सय मात्र) नगद भुक्तानी गरी प्राप्त गर्न सकिनेछ ।

२. शेयरको न्यूनतम मूल्य प्रति शेयर रु.१००।- (अक्षरेपी एक सय मात्र) तोकिएको हुँदा सो वा सो भन्दा बढी मूल्य अंकित गरी बोलकबोल गर्नुपर्नेछ । एकै व्यक्ति वा कम्पनीले विभिन्न मूल्यमा शेयर खरिद गर्न चाहेमा सोका लागि छुट्टा छुट्टै शिलबन्दी खाम भित्र आवेदन दिनुपर्नेछ । लगानी व्यवस्थापकले आफ्ना ग्राहकहरुको नामबाट आवेदन गर्दा आफ्नो आधिकारिक पत्र मार्फत तोकिए अनुरुपको सूची बनाई सम्पूर्ण आवेदकहरुको लागि गरिने लगानी रकम लगानी व्यवस्थापकले एउटा चेकमार्फत पेश गर्न सक्नेछ । कबोल गर्ने दर दशमलब पछिको दुई अंक मात्र मान्य हुनेछ ।

३. बोलपत्र आवेदन फारामममा आफूले लिन चाहेको शेयर संख्या तथा प्रति कित्ता दरको अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । केरमेट भएको ठाउँमा दस्तखत गर्नुपर्नेछ । धेरै केरमेट भई कबोल गरेको शेयर संख्या, प्रति कित्ता शेयर मूल्य वा जम्मा रकम नबुझिने भएमा त्यस्तो बोलपत्रलाई मान्यता दिईने छैन । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको व्यहोरालाई मान्यता दिइनेछ ।

४. बोलपत्रदाताले बोलपत्रमा आफ्नो नाम, ठेगाना, हितग्राही खाता नं., आफ्नो खाता रहेको बैंकको नाम र खाता नं., टेलिफोन नम्बर लगायत बोलपत्र आवेदन फारामममा उल्लेखित सम्पूर्ण विवरण स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।

५. **बोलपत्र पेश गर्दा संस्थापकतर्फ न्यूनतम १,००० कित्ता र सर्वसाधारणतर्फ न्यूनतम १०० कित्ता शेयरको लागि आवेदन दिनुपर्नेछ । न्यूनतम कित्ता तथा सो भन्दा बढीका लागि १० अंकले भाग जाने संख्यामा आवेदन दिनुपर्नेछ । नेपाल बिमा प्राधिकरणले तोकेको प्रति व्यक्ति सिमाको अधिनमा रहने गरी संस्थापकतर्फ अधिकतम २९,९७७.३१ कित्ता तथा सर्वसाधारणतर्फ २,९०,५५५.९१ कित्ता सम्मका लागि आवेदन दिन सकिनेछ ।** रु. ५ लाखसम्मको आवेदन दिनेले स्वेच्छिक रुपमा र रु. ५ लाख भन्दा बढी रकमको आवेदन दिनेले अनिवार्य रुपमा आफ्नो स्थायी लेखा नं. (PAN No.) आवेदन फारामममा उल्लेख गर्नुपर्नेछ ।

६. संस्थापक समूहको शेयर खरिदका लागि विद्यमान संस्थापक शेयरधनीहरुले मात्र आवेदन दिन सक्नेछन् । नेपाल बिमा प्राधिकरणबाट जारी एकीकृत निर्देशनको व्यवस्था बमोजिम विद्यमान संस्थापकहरु बीच बढी मूल्य कबोल गर्ने संस्थापकहरुलाई बोलकबोलको मान्यता अनुरुप प्राथमिकता दिई बिक्री गरिनेछ । संस्थापक शेयर खरिद गर्न चाहानेहरुले कालोसूचीमा नरहेको पत्र, कर चुक्ता प्रमाणपत्र, आयश्रोतको विवरण, स्वः घोषणा विवरण एवं कागजात पेश गर्नुपर्नेछ ।

७. सर्वसाधारण समूहको शेयरमा सवैभन्दा बढी कबोल गर्ने आवेदकलाई बोलकबोलको मान्यता अनुसार शेयर बिक्री गरिनेछ । बोलकबोलमा शेयर बिक्री गर्दै जाँदा अन्तिम मूल्यमा दुई भन्दा बढी आवेदकहरु पर्न गएमा बोलकबोलबाट बाँकी भएको शेयरहरु माग भएको शेयर संख्याको भार अनुसार बाँडफाँड गरिनेछ ।

८. शेयर आवेदन फारम नेपाली तथा अंग्रेजी भाषामा पूर्ण रुपले भरी बोलपत्रदाताले बोलपत्र आवेदन साथ आफुले खरिद गर्न चाहेको शेयरको जम्मा मूल्यको हुन आउने सम्पूर्ण रकम मिति २०८१।१०।२७ दिउँसो ३:०० बजे भित्र तल उल्लेख गरे बमोजिमा बैंक खातामा जम्मा हुने गरी धरौटी वापत जम्मा गरेको सक्कल भौचर (Deposit Slip) संग्लन गर्नु पर्नेछ । चेकको माध्यमबाट आवेदन गर्नेको हकमा **LS CAPITAL_NLG RIGHT** को नाममा जारी गरिएको नेपाल क्लियरिङ्ग हाउस लि. को सदस्य भएको बैंक तथा वित्तीय संस्थाको **Good For Payment** गरिएको A/C Payee Cheque/Manager's Cheque संग्लन गर्नुपर्नेछ । सो नभएको चेकलाई मान्यता दिइने छैन । साथै Good For Payment गर्दा लाग्ने शुल्क आवेदक स्वयंले व्यर्होनु पर्नेछ तथा रु. २ लाख भन्दा बढी रकमको Good For Payment को चेक जम्मा गर्नेको हकमा चेक क्लियरिङ्ग शुल्क बापतको रकम बोलपत्र आवेदन फारमका साथ बुझाउनु पर्नेछ ।

| बैंक | खाताको नाम | खाता नं. |
|---|---|---|
| लक्ष्मी सनराइज बैंक लि.,लाजिम्पाट | **LS CAPITAL_NLG RIGHT** | ३०२१३४९०१३०३४००१ |

९. बोलपत्रदाताहरुले Connect IPS मार्फत समेत रकम जम्मा गरी पेश गर्न सकिनेछ । यसरी Connect IPS मार्फत बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताहरुले यस कम्पनीको नाममा लक्ष्मी सनराइज बैंक लिमिटेड, लाजिम्पाट काठमाडौंमा रहेको खाता नं. ३०२१३४९०१३०३४००१ (LS CAPITAL_NLG RIGHT) मा Connect IPS मार्फत रकम जम्मा गरी सो को प्रमाण पुष्टि गर्ने कागजात Connect IPS भौचर संलग्न गरी शिलवन्दी बोलपत्र पेश गर्नु पर्नेछ ।

१०. बोलपत्रदाता संगठित संस्था/फर्म/कम्पनी भएमा कम्पनी दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र तथा शेयर खरिद गर्ने सम्बन्धमा सञ्चालक समितिको निर्णय तथा अख्तियारनामाको प्रमाणित प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।

११. बोलपत्र आवेदन पेश गर्दा शिलबन्दी खाम बाहिर संस्थापक शेयर खरिदको लागि **"एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड (संस्थापक समूह)"** र सर्वसाधारण शेयर खरिदका लागि **"एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड (सर्वसाधारण समूह)"** उल्लेख गरी छुट्टाछुट्टै शिलबन्दी खाममा पेश गर्नुपर्नेछ ।

१२. प्राप्त शिलबन्दी बोलपत्रहरु तोकिएका संकलन केन्द्रहरुबाट बिक्री प्रबन्धकको कार्यालयमा प्राप्त भए पश्चात सार्वजनिक सूचना प्रकाशित गरी बोलपत्र खोलिने मिति, समय र स्थानको बारेमा जानकारी गराईनेछ ।

१४. काबु बाहिरको परिस्थिति पर्न गई बिक्री प्रबन्धकको कार्यालयमा समयमा बोलपत्र प्राप्त हुन नसकेमा सो व्यहोरा नियामक निकायलाई जानकारी गराई निर्देशन बमोजिम गरिनेछ । साथै, काबु बाहिरको परिस्थिति पर्न गई कुनै संकलन केन्द्रबाट बोलपत्र फाराम पठाउन नसकिने भएमा/आवेदन फराम प्राप्त नभएमा वा नष्ट भएमा नियामक निकायको राय लिएर मात्र लिलाम बढाबढको प्रक्रिया अगाडि बढाईनेछ ।

१५. बोलपत्रवालाले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन ।

१६. बोलपत्र आवेदनहरुमध्ये बाँडफाँडमा नपरेको शेयर वापत जम्मा भएको रकम धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा तोकिएको समयावधिमा Connect IPS मार्फत आवेदकहरुको बैंक खातामा सोझै फिर्ता भुक्तानी गर्ने व्यवस्था गरिनेछ । साथै, यस्तो फिर्ता गरिने रकममा कुनै व्याज प्रदान गरिने छैन । Connect IPS मा लाग्ने शुल्क आवेदक आफैले ब्यहोर्नु पर्नेछ ।

१७. यस सूचना बमोजिम निष्काशन गरिएको शेयरका लागि लिलाम बढाबढ गर्दा सबै शेयर खरिदका लागि दरखास्त नपरे पनि आवेदन परेको शेयर सम्बन्धित आवेदकलाई बाँडफाँड गरी बाँकी रहेको शेयर पुनः लिलाम बढाबढ गरी बिक्री गरिनेछ ।

१८. यस सूचना बमोजिम प्राप्त बोलपत्र आवेदकहरुलाई शेयर बिक्री गर्ने वा नगर्ने वा आवेदनमा माग गरेको भन्दा कम शेयर बाँडफाँड गर्ने तथा बोलपत्र आवेदन तथा शेयर बाँडफाँड सम्बन्धी कुनै द्विविधा वा विवाद उत्पन्न भएमा सो को अन्तिम निर्णय गर्ने अधिकार यस संस्थाको सञ्चालक समितिमा रहनेछ ।

**बिक्री प्रबन्धक**

**L S CAPITAL**

लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड

A Wholly Owned Subsidiary of Laxmi Sunrise Bank.

नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त

(लक्ष्मी क्यापिटल मार्केट लिमिटेड र सन्राइज क्यापिटल लिमिटेड एक आपसमा गाभिएको)

नयाँ बानेश्वर, काठमाडौं

फोनः ५९७००६४

Email : info@lscapital.com.np,

Website : www.lscapital.com.np